म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २६७ बुधवार २६ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 8 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## गाँजासहित मकवानपुरका तीनजना पक्राउ

हेटौंडा, २५ वैशाख/मकवानपुरको मनहरी गाउँपालिका-७ माईङ्गाखोलाबाट अवैध लागूऔषध गाँजासहित सोमबार तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा कैलाश गाउँपालिका-३ बस्ने २३ वर्षीय राजेन्द्र घिसिङ, सोही गाउँपालिका-४ बस्ने २७ वर्षीय बिबेक प्रजा र हेटौंडा उपमहानगरपालिका-१८ बस्ने २२ वर्षीय उत्तम पाखिन रहेका छन् । उनीहरुलाई पर्सा राष्ट्रिय निकुन्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको गस्ती टोलीले ३६ किलो लागूऔषध गाँजासहित पक्राउ गरेको हो ।

उनीहरुलाई गाँजासहित नियन्त्रणमा लिएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोली घटनास्थल पुगेको जनाइएको छ । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । राक्सिराङ, कैलाश र धादिङका केही पालिकामा उत्पादित गाँजा र अफिम मकवानपुरको मनहरीका विभिन्न नाका हुँदै रातारात पर्सा राष्ट्रिय निकुन्ज भएर भारततर्फ निकासी गर्ने गरिन्छ ।

हेटौंडामा प्रदेश युवा सम्मेलन

# 'युवा सीप वर्ष' घोषणासँगै पाँच हजारलाई सीप सिकाउँदै परिषद्

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/हेटौंडामा सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद् कार्यालयको आयोजनामा तीनदिने दोस्रो प्रदेश युवा सम्मेलन हुँदैछ ।

२८, २९ र ३० वैशाखमा हुने युवा सम्मेलनको सम्पूर्ण तयारी सकिएको परिषद्ले मंगलबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । बागमती प्रदेशका १३ जिल्लाका २०० बढी युवाको सहभागिता रहने प्रदेश युवा परिषद् बागमती प्रदेशका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिए । १६ वर्षदेखि ३० वर्ष उमेर समूहका युवाको सहभागिता रहनेछ । सम्मेलनको नारा 'सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन: बागमतीमा युवा सशक्तीकरण' छ ।




सम्मेलनमा सहभागीले अनलाइनमार्फत् मात्रै आवेदन दिने व्यवस्था मिलाइएको थियो । सम्मेलनमा सहभागी हुन चाहने ५३७ जनाले अनलाइनमार्फत् आवेदन दिएका थिए । आवेदन दिएकामध्ये २०० जनालाई पूर्णसमावेशी अवधारणामा छनोट गरिएको छ । सम्मेलनमा सहभागी हुने २०० जना बागमती प्रदेशको ११९ पालिकामध्ये ८९ पालिकाका युवा छानिएको उपाध्यक्ष चौलागाईंले बताए ।

सम्मेलनमा युवाको ज्ञानसीप, सृजना र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विविध कार्यक्रम आयोजना गर्न लागिएको कार्यकारी उपाध्यक्ष चौलागाईले बताए । युवा सम्मेलनमा शिक्षामा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरता: प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलता: नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप: देशमा लगानीको सम्भावना र मुख्यमन्त्रीसँग कुरालगायत विषयवस्तुमाथि छलफल हुने परिषद्ले जनाएको छ ।

युवा सम्मेलन पश्चात् २०८१ लाई 'युवा सीप वर्ष' घोषणा गर्ने तयारी गरिएको उपाध्यक्ष चौलागाईं बताउँछन् । प्रदेशका ५ हजार युवालाई सीपमूलक तालिम प्रदान गरी उद्यमशीलतातर्फ अग्रसर गराउने तयारी रहेको उनले जनाए । ३९० घण्टाको सीपमूलक नि:शुल्क मण्टेश्वरी तालिम आयोजना सुरु भइसकेको उनको भनाई छ । परिषद्ले १० वटा क्षेत्रमा १०० पेशाका सीप सिकाइ, सीप परीक्षण पश्चात् टेवा पुँजी प्रदान गर्ने गरी कार्यक्रम तयार पारेको छ ।

१० हजार बढी युवाबाट तालिमका लागि प्रस्ताव आएको परिषद्ले जनाएको छ । अधिकांशले ट्रेन्डिङकै तालिम माग गरेका छन् । सिलाईबुनाइ, ब्युटीपार्लर लगायतका माग बढी आएको उपाध्यक्ष चौलागाईंले जानकारी दिए । सीप परीक्षण नहुने र पाठ्यक्रम नभएकाले फरक र आवश्यकता अनुसारको तालिम सञ्चालन गर्न कठिन रहेको उनको भनाई छ । सूचना प्रविधिको क्षेत्रका केही विषयमा तालिम सञ्चालन गर्ने तयारीमा परिषद् छ ।

विशेषत: ग्राफिक्स डिजाइन, फोटोसप, इम्ब्रोइडरी लगायतका नयाँ विधामा तालिम सञ्चालनको तयारी भइरहेको परिषद्ले जनाएको छ । होटल तथा पर्यटन, निर्माण, कृषि, सेवा, होजियारी तथा तयारी पोसाक र सूचना तथा सञ्चारको क्षेत्रमा प्रदेशका १३ वटै जिल्लाका युवालाई सीप सिकाइने भएको हो । उनीहरुलाई तालिम दिएर सीप परीक्षण पनि गर्ने उपाध्यक्ष चौलागाईंले बताए ।

युवा सम्मेलनका लागि १५ लाख बजेट विनियोजन गरिएको परिषद्ले जनाएको छ । कुल १२ करोड रुपैयाँ बजेटमध्ये ५ करोड रुपैयाँ तालिम र सीप परीक्षणमा खर्च गर्ने योजनामा परिषद् रहेको उपाध्यक्ष चौलागाईले बताए । बाँकी बजेट रकम उद्यमशीलताका लागि टेवा पुँजीमा प्रयोग गर्ने गरी अघि बढेको उनले बताए ।

परिषदले प्रदेश युवा नीति-२०७९ तयार पारेर काम गरिरहेको जनाएको छ । परिषदले गतवर्ष आयोजना गरेको युवा सम्मेलनबाट चालू आर्थिक वर्ष २०८०/८१ का लागि आवश्यक बजेट बिनियोजन भएको थियो । पहिलो प्रदेश युवा सम्मेलनले तयार गरेको ११ बुँदे घोषणा पत्रमा ७ वटा विषयलाई प्रदेश सरकारले चालू आवबाट कार्यान्वयन गरेको उपाध्यक्ष चौलागाईले दाबी गरे ।

युवा सम्मेलनमा जिल्लाका सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदायलाई प्राथमिकता दिएर महिलालाई सहभागी गराइने परिषद्ले उल्लेख गरेको छ । सम्मेलनमा शिक्षा, सीप, नवप्रवर्तन, रोजगारी र नीतिगत सुधारका क्षेत्रमा गरेर ५ वटा विषयमा छलफल तथा अन्तरक्रिया हुनेछ । यी सत्रमा उठान भएका मुद्दामा छलफलका लागि युवा सम्मेलनको अन्तिम दिन अर्थात् २९ वैशाखमा मुख्यमन्त्रीसँग युवा कार्यक्रम गर्ने तयारी परिषद्को छ ।

# फास्ट ट्र्याकको ८५ वटा पुल निर्माण हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/काठमाडौं-तराई द्रुतमार्गको निर्माण कार्य ३३.२० प्रतिशत सम्पन्न भएको छ । मंगलवार राष्ट्रियसभा अन्तर्गतको सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा नेपाली सेनाले द्रुतमार्गको प्रगतिविवरण सार्वजनिक गरेको हो ।

कार्य प्रगतिविवरण सार्वजनिक गर्दै आयोजनाप्रमुख विकास पोखरेलले हालसम्मको समष्टिगत भौतिक प्रगति ३३.२० प्रतिशत रहेको र समष्टिगत वित्तीय प्रगति ३३.७१ प्रतिशत रहेको जानकारी दिए । उनले आयोजनाको चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक लक्ष्यको तुलनामा हालसम्मको भौतिक प्रगति ८२.७७ प्रतिशत र वित्तीय प्रगति ६९.४१ प्रतिशत रहेको जानकारी दिए ।

कुल लम्बाई ७०.९७७ किलोमिटर रहेको यस द्रुतमार्गमा जम्मा लम्बाई १०.०५ किलोमिटर हुनेगरी ६ स्थानमा सुरुङ निर्माण हुनेछ । त्यस्तै १२.८८ किमी लम्बाई हुनेगरी ८९ स्थानमा पुल निर्माण हुनेछ । छ वटामध्ये ३ वटा सुरुङ निर्माणको क्रममा रहेको र ३ वटामा खरीद सम्झौता भएर प्रक्रिया अगाडि बढेको आयोजनाप्रमुख पोखरेलले जानकारी दिएका छन् ।

उनका अनुसार ८९ पुलमध्ये ८५ स्थानका पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेका र ४ वटा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको बताइएको छ । खोकना क्षेत्रमा केही समस्या देखा परेको छ । कुल २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ लागतको द्रुतमार्ग २०८३ साल चैत मसान्तमा निर्माण सम्पन्न हुने लक्ष्य राखिएको छ ।

## बसपार्कबाट दुई युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/प्रतिबन्धित लागूऔषध ओसारपसारको आरोपमा हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट दुईजना युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-१ सानोभावर बस्ने १९ वर्षीय बिजय तामाङ र रौतहटको बृन्दावन नगरपालिका-१ बस्ने ३५ वर्षीय धर्मेन्द्र ठाकुर रहेका छन् । उनीहरुलाई बसपार्कबाट अवैधलागूऔषध गाँजा करिब ५ किलोसहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीचौकी बसपार्कबाट खटिएको प्रहरीले चितवनबाट वीरगंजतर्फ जाँदै गरेको ना.६ ख ३५५७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई गाँजासहित पक्राउ गरेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## मुख्यमन्त्री जम्कट्टेलको काठमाडौंमा उपचार

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल खानेपानी आयोजना उद्घाटन गर्न रामेछापमा हुँदा मंगलबार बिरामी परेका छन् ।

श्वासप्रश्वासमा समस्या भएपछि उनलाई मंगलबार नै सिन्धुलीबाट हेलिकप्टरमार्फत् काठमाडौं ल्याएर उपचार गरिएको छ । रामेछापको मन्थली-३ मा खानेपानी आयोजना उद्घाटन कार्यक्रममा जाँदै गर्दा अस्वस्थ भएपछि उनलाई बीच बाटोबाटै काठमाडौं ल्याइएको हो ।



रामेछापको सुनकोशी गाउँपालिकाको खाल्टे भन्ने स्थानमा पुग्दा प्रेसर लो र अक्सिजनको लेभल कम देखिएपछि उनलाई तत्काल उपचारको व्यवस्था गरिएको हो । सिन्धुलीको आत्मीय सामुदायिक अस्पतालमा उपचार गराएपछि जम्कट्टेललाई काठमाडौंस्थित नर्भिक अस्पताल ल्याइएको थियो । स्वास्थ्यमा सुधार आएको उनको सचिवालयमा कार्यरत् उपेन्द्र जम्कट्टेलले जानकारी दिए ।

डाक्टरहरुले पल्स र अक्सिजन एकदमै कम रहेको बताएको उनको सचिवालयले जनाएको छ । पूर्वनिर्धारित कार्यक्रममा जान भनेर गाडीबाट उनी रामेछाप प्रस्थान गरेका थिए । सिन्धुली पुगेका बेला गाडीभित्रै बान्ता भएको र अडिन नसक्ने भएपछि उनलाई अस्पताल लगिएको थियो ।

## बसको ठक्करबाट दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिका-६ सुनाचुरी भुलचोकमा सोमबार बसले स्कुटरलाई ठक्कर दिँदा दुईजना घाइते भएका छन् ।

पूर्व-पश्चिम सडकखण्डमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको बा ९३ प २७३४ नम्बरको स्कुटरलाई हेटौंडाबाट चितवनतर्फ जादै गरेको बा.प्र.०३००१ ख २३१८ नम्बरको बसले ठक्कर दिँदा दुईजना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

घाइते हुनेमा स्कुटर चालक पर्सा वीरगञ्ज उपमहानगरपालिका-१३ वस्ने वर्ष ४५ की कलावती आचार्य र पछाडि सवार धादिङ सल्यानटार ज्वालामुखी गाउँपालिका-२ बस्ने वर्ष-४६ को बिष्णुप्रसाद उपाध्याय रहेका छन् । घाइते दुबै जनाको चितवनस्थित एभरेष्ट अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

दुर्घटनालगत्तै फरार रहेको बस र चालकलाई चितवन प्रहरीको सहयोगमा इलाका प्रहरी कार्यालय मनहरीले नियन्त्रणमा लिएको छ ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !
Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सरकारको कामकाजी भाषा

बागमती प्रदेशमा सोमबारदेखि नेपाल (नेवारी) र तामाङ भाषा पनि सरकारी कामकाजी भाषाका रुपमा लागू भएको छ । बागमती प्रदेश सरकारले सरकारी कामकाजी भाषा ऐन कार्यान्वयन सुरु गरेको हो । अबका दिनमा नेपाल भाषाको रञ्जना लिपि र तामाङ भाषाको संगोटा लिपिमा सरकारले साइनबोर्ड राख्नु पर्ने छ । सरकारी निकायमा देवनागरि लिपि बाहेक रञ्जना लिपि र संगोटा लिपिमा पनि निबेदन दिन पाइन्छ । तर, अब समस्या कहाँनिर आउँन सक्छ भने रञ्जना लिपिमा निबेदन लिएर सेवाग्राही आएको खण्डमा कार्यालयप्रमुखले रञ्जना लिपि बुझेर तोक लगाउने कि भाषाबिज्ञ खोज्न थाल्ने ? त्यस्तै संगोटा लिपिमा आएको निबेदनउपर कारबाही गर्न भाषाबिज्ञ खोजी गर्न थाल्ने ? सबै कार्यालयप्रमुख वा अधिकृतले भाषा वा लिपि जानेका हुन्छन् र ? काठमाडौंमा सोमबार औपचारिक रुपमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा शुभारम्म गर्दै प्रदेश सरकारी कामकाजी भाषा ऐन–२०८० कार्यान्वयन गर्ने घोषणा भएको छ । बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आयोजनामा नेवा: समुदायको राष्ट्रिय संगठन नेवा: देय् दबू र तामाङ समुदायको राष्ट्रिय संगठन तामाङ घेदुङको व्यवस्थापनमा काठमाडौंको बसन्तपुरमा औपचारिक कार्यक्रम गरी ऐन कार्यान्वयनको घोषणा गरेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा र्‍यालीसहित बसन्तपुर क्षेत्र परिक्रमा गरी औपचारिक कार्यक्रमको आयोजना गरिएको थियो । तामाङ र नेपाल भाषा सरकारी कामकाजमा लागू भएको दिनलाई प्रदेश सरकारले उत्सवको रुपमा लिएको छ । प्रदेश सरकारले सोमबार प्रदेशभर सार्वजनिक बिदा दिएको थियो । प्रदेश मन्त्रिपरिषद्को वैशाख १२ गतेको निर्णयबमोजिम नेपाली भाषाको अतिरिक्त तामाङ भाषा र नेपाल भाषालाई पनि बागमती प्रदेशमा सरकारी कामकाजी भाषाको रुपमा लागू हुने दिनमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राजपत्रमा बिदा सूचना जारी गर्दै सरकारी कार्यालय भनिए पनि विद्यालयलाई सम्बोधन गरेको थिएन । सोमबार काठमाडौं महानगरपालिका, हेटौंडा उपमहानगरले मातहतका सबै विद्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । प्रदेश सरकारी कामकाजको भाषा ऐन, शुभारम्भ तथा भाषा दिवसको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संविधान अझै पूर्ण नरहेको बताए । नयाँ संविधानमा पहिचान र अधिकार स्थापित गर्न मुख्य रुपमा संघर्ष गर्दै आए पनि अझै पूर्णता पाउन नसकेको उल्लेख गरे । उनले इमानदार भएर संघर्ष गरे संविधानमा स्थापित गर्न बाँकी अधिकार क्रमश: स्थापित हुँदै जाने विश्वास व्यक्त गरे । प्रम दाहालले सबै उत्पीडित वर्ग, जाति र समुदायले असली प्रवृत्तिको पहिचान गरी पहिचान र अधिकारको राष्ट्रिय मुद्दा कार्यान्वयनमा ऐक्यबद्धता जनाउन आग्रह गरे । प्रधानमन्त्री प्रचण्डले नेपाली समाजको विशेषता र सामाजिक बनावटअनुसार सबै वर्ग, जाति, क्षेत्र, लैङ्गिक र समुदायको पहिचान तथा अधिकारका लागि आफूले संघर्ष गर्दै आएको बताए । प्रधानमन्त्री दाहालले भाषा आयोगमा नेवार समुदायलाई बुझेको दक्षव्यक्ति राख्ने प्रतिबद्धता व्यक्त गरे ।

गत २०८० असोज २२ मा बागमती प्रदेशसभाबाट 'प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' पारित गरिएको थियो । कार्तिक २३ गतेका दिन प्रदेश राजपत्रमा प्रकाशित भएको थियो । राजपत्रमा प्रकाशित भएको १८० औं दिनमा ऐन कार्यान्वयनमा जाने कानुनी व्यवस्था रहेको छ । ऐनले नेपाल र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रुपमा प्रयोग गर्ने व्यवस्था गरेको छ । नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक रहेको र सांस्कृतिक बहुलतालाई संविधानले अंगिकार गरेको र भाषिक–सांस्कृतिक विविधतालाई व्यवस्थापन गर्न व्यवस्था परिवर्तन भएकाले ऐन कार्यान्वयन जरुरी रहेको प्रदेशका संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले बताए । भाषा ऐन कार्यान्वयन घोषणापश्चात् बागमती प्रदेश सरकार मातहत र प्रदेशका ११९ स्थानीय तहको नाम ४ भाषामा लेखिने उनले बताए । उनका अनुसार कार्यालयको बोर्ड र लेटर हेडमा नेपाली, अंग्रेजी, तामाङ र नेपाल भाषामा नाम रहनेछ । संविधानको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न भाषा आयोगको सिफारिसमा प्रदेश सरकारले पारित गरेको 'प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०' जारी गरेको र यो ऐन सोमबारबाट लागू हुने मन्त्री बज्राचार्यले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मक्वानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २७ गते बिहीबार ९ मे २०२४ । प्रतिपदा, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# जनमत बुझ्न नसकेको राजनीति



✍ खिमलाल देवकोटा

अहिले नेपाली राजनीतिमा न जनमत प्रतिबिम्बित हुनसकेको छ न राजनीतिले जनमत कदर गर्न । एकप्रकारको विडम्बनापूर्ण राजनीतिक खेल अहिले चलिरहेको छ, जसले नागरिकको विश्वास थप तोडिरहेको छ । नयाँ संविधान जारी भएपछि राजनीतिक आन्दोलन एक ढंगले सकियो र अब आर्थिक–सामाजिक रूपान्तरणको आन्दोलन प्राथमिकतामा भन्ने मान्यताका साथ राजनीति अगाडि बढेको थियो ।

समाजवादउन्मुख संविधान जारी भएपछि समाजवादलाई हेर्ने राजनीतिको भिन्नताका आधारमा अब दुईदलीय व्यवस्था स्थापित हुने कुरा पनि पक्कापक्की जस्तै थियो । त्यसैको आरम्भका रूपमा पहिलो निर्वाचनमा जम्मा पाँच राजनीतिक दलले थ्रेसहोल्ड कटाएर राष्ट्रिय मान्यता प्राप्त दल बन्न सके । तिनै दल पनि पछि चारवटा दल मिलेर दुई दल बनेपछि केवल तीन वटा राष्ट्रिय मान्यता प्राप्त दल बने । अरू दलहरूबाट प्रतिनिधित्व गर्ने सांसदहरूको अवस्था स्वतन्त्र बन्यो ।

यो अवस्था एक हिसाबले नेपाली राजनीतिमा दशकौंदेखि देखापरेको अस्थिरताको जडी औषधि पनि थियो । अब मुलुकले विकासको लय पक्रन्छ भन्ने विश्वास पैदा भएको थियो । यो नेपाली जनमतको व्यावहारिक अभिव्यक्ति थियो । तर दुर्भाग्य नै भनौं, यो जनमत वामपन्थीहरूले बुझ्न सकेनन् । वामशक्तिले दुई तिहाइ बहुमत ल्याउँदा गैरवामले शासन गर्ने अवस्था अन्त्य भएको थियो तर यो एकताको जनमतलाई वाम राजनीतिले बुझ्न सकेन र उनीहरू विभाजित बने । झण्डै दुई तिहाइको वाम प्रतिनिधित्व भएको संसद् विघटन भयो । सरकार विघटन, पार्टी विघटन हुँदै जनमतमाथि निकै ठूलो बज्रपात भयो ।

वामपन्थीहरूले गुमाउँदै र गैरवामले लाभ लिँदै जाने अवस्थाको सुरुवात भयो । विषय यतिसम्म मात्रै रहेन । अर्को निर्वाचनमा त वामपन्थीहरू विभाजित भई एकले अर्कालाई हराउने अभियानमा नै लाग्दा अघिल्लो निर्वाचनमा झण्डै सकिएको गैरवाम शक्तिको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस संसद्को झण्डै पहिलो शक्तिका रूपमा उदायो । केही नेताको व्यक्तिगत स्वार्थको आधारमा गठबन्धन बदलिए । बदलिएको गठबन्धनमा रातारात चौथो शक्तिका रूपमा उदाएको नयाँ पार्टी निर्णायक हुने अवस्थामा आइपुग्यो । फलत: उसले रोजेको मन्त्रालय दिएर भए पनि सरकार गठन गर्ने मनस्थितिमा वामपन्थीहरू पुग्न बाध्य भए । छुँदाखाँदाको दुई तिहाइको संसद्, सरकार, पार्टी र जनमतमाथि मुक्का प्रहार गर्दाको परिणाम नराम्ररी भोग्न बाध्य भए । मधेशी मध्ये या त जनमत वा समाजवादी एक लिनै पर्ने अर्को बाध्यता आइलाग्यो । यता राप्रपा वा रास्वपा मध्ये एक इन्कार गर्र्न नमिल्ने खण्ड खातिरको अवस्था उपस्थित भयो ।

झण्डै दुई तिहाइका वाम पार्टी एक तिहाइतिर पुग्ने अवस्था बन्यो भने झण्डै एक चौथाइको कांग्रेस झण्डै ठूलो पार्टीका रूपमा उदाउने अवस्थामा पुग्यो । नामै नसुनेका पार्टीहरू राष्ट्रिय पार्टीका रूपमा उदाउने परिघटना पनि भोग्नुपर्‍यो । यी घटना केही दशकको होइन, केही वर्षको अन्तरालमा घटेका छन् । आखिर यस्तो किन हुन्छ ? त्यसको आकलन गर्न जरूरी छ । जनमतलाई चिन्न नसक्दाको परिणाम यस्तो भएको हो भन्ने कुरा त सोझो जवाफ हो । त्योभन्दा पनि पर गएर नेपाली राजनीतिको दूरदृष्टिका बारेमा चर्चा गर्ने हो भन्ने लज्जाबोध नै भएर आउँछ ।

झण्डै दुई तिहाइको जनमतलाई कदर गर्न नसक्ने वामपन्थीले के मात्र गुमाएनह संसद, पार्टी र सरकार नै विघटन भयो । संघीय सर कार मात्र होइन, सातै प्रदेशबाट हात धुने अवस्था आयो । यतिमै यात्रा नरोकिएर राष्ट्रिय सभा समेत गुमाउन बाध्य हुनुपर्‍यो । यो अवस्था वामपन्थी शक्ति र खासगरी एमालेले व्यहोर्‍यो । गैरवाम शक्तिका रूपमा स्थापित नेपाली कांग्रेसले आफ्नै बलबुतामा हैन माओवादीका काँधमा चढेर पूरै खुम्चिएको आकार फैलायो । अधिकांश प्रदेशका सरकार र प्रदेश प्रमुखहरू प्राप्त गर्‍यो । संघीय सरकार र राष्ट्रिय सभामा समेत सम्मानजनक मात्रै हैन, झण्डै ठूलो दलको हैसियत कायम गर्न सक्यो । माओवादीका भागमा कहिले एमाले त कहिले कांग्रेसलाई ठूलो पार्टी बनाइदिने जिम्मा पर्‍यो । आफैंले प्राप्त गर्ने कुरा भने खासै रहेन ।

वाम र गैरवाम गरी स्थापित पार्टीहरूका बुद्धिका कारणले नयाँ उदय भएको पार्टीले मात्रै लाभ लियो । एकलौटी लाभबाट हौसिएको नयाँ उदाएको दलका पनि व्यथा आफ्नै छन् । ऊ आफैंमा लफडैलफडाले घेरिएको छ । लफडाबाट राहत पाउने लालसामा महत्वपूर्ण मन्त्रालय गृह र उप-प्रधानमन्त्रीको बार्गेनिङ गर्ने अवस्थामा पुग्यो । यसले जनतामा देखापरेको लहर धूलिसात् भयो । सो कुरा इलाम उपनिर्वाचनले देखाइदिएको छ । वामपन्थीलाई दिएको झण्डै दुई तिहाइको जनमत दम्भ हुर्काउनका लागि थिएन । संसद् विघटनका लागि पनि थिएन । पार्टी विभाजनका लागि त झनै थिएन । यसैगरी कांग्रेसको जनमत एक्लैको थिएन । माओवादीको काँधमा टेकेर प्राप्त गरेको थियो । माओवादीको धर्म कहिले एमाले त कहिले कांग्रेसलाई भाग पुर्‍याइदिने पनि त थिएन ।

रास्वपाको जनमत वाम र गैरवामका असन्तुष्टिहरूको परिणाम थियो उसका कर्मका कारणले थिएन । कांग्रेस र कम्युनिस्टको विरोध गरेका आधारमा प्राप्त गरेको भोट थियो । उसको नीति कार्यक्रमका आधारमा पाएको भोट थिएन । यसैगरी कांग्रेस र कम्युनिस्टबाट असन्तुष्ट उनैका कार्यकर्ताका कारणले पनि प्राप्त गरेको थियो । यति कुरा नबुझेर जनमतको दुरुपयोग गर्ने दुस्साहस सब दलमा देखापरेको छ । हुँदाहुँदा मरिसकेको राजतन्त्रको लाश बोकेर राजनीति गर्ने राप्रपा समेत राष्ट्रिय पार्टीका रूपमा देखापरेको छ । उसलाई पनि जनमतकै भ्रम छ । कांग्रेस कम्युनिस्ट पार्टीका कुबुद्धिले प्राप्त अपुताली हो भन्ने हेक्का उसलाई पनि छैन ।

मार्क्सले जनमतलाई विचार नियन्त्रणको औजारको रूपमा व्याख्या गरे । शासक वर्गले आफ्नो प्रभुत्व कायम राख्न र अधीनस्थ वर्गहरूको असहमतिलाई दबाउन प्रयोग गरेको बताए । तसर्थ, मार्क्सका लागि साँचो बुझाइ र मुक्ति जनमतलाई आकार दिने अन्तर्निहित सामाजिक र आर्थिक शक्तिहरूको आलोचनात्मक विश्लेषणबाट मात्रै आउन सक्छ । यसले क्रान्तिकारी चेतना र विद्यमान शोषण र उत्पीडनको व्यवस्थालाई उल्ट्याउने उद्देश्यले सामूहिक कार्यको नेतृत्व गर्छ भन्ने मत उनले दर्ज गरे । दक्षिण अफ्रिकाको रंगभेद विरोधी आन्दोलनका प्रतिष्ठित नेता र देशको पहिलो अश्वेत राष्ट्रपति नेल्सन मण्डेलाको बुझाइ थियो कि जनमतले उन्नति र काम गर्छ । तसर्थ उनी हरतरहले जनमत तयार गर्न अहोरात्र लागिपरे । न्याय र समानताको साझा दर्शनको वरिपरि मानिसहरूलाई प्रेरित गर्ने, मनाउने र एकताबद्ध गर्ने उनको क्षमताले रंगभेद अन्त्य गर्न र लोकतान्त्रिक दक्षिण अफ्रिकाको जग बसाल्न महत्वपूर्ण भूमिका खेलेको थियो । उनले जनमत वास्तवमै शक्तिशाली हतियार हो भन्ने स्थापित गराएरै छाडे ।

उता गान्धीले अहिंसात्मक प्रतिरोध र नागरिक अवज्ञाको माध्यमबाट जनमतको विकास गर्ने महत्वलाई जोड दिए । उनले ब्रिटिश औपनिवेशिक शासन विरुद्ध भारतीय स्वतन्त्रता आन्दोलनको नेतृत्वमा प्रदर्शन गरे जस्तै अन्यायपूर्ण कानुन र दमनकारी शासनलाई चुनौती दिनको लागि आवश्यक उपकरण जनमत नै हो भन्ने कुरा पुष्टि गरे । तर नेपालमा भने राजनीतिक नेतृत्व र जनमतबीचको सम्बन्ध जटिल र प्राय: चुनौतीले भरिएको छ । व्यवस्था परिवर्तन गर्ने ल्याकत राख्नेदेखि अढाइ सय वर्ष लामो राजतन्त्र फाल्न समेत जनमत तयार गर्न सक्ने अरू कोही नभएर नेपाली राजनीतिक नेतृत्व नै हो । उनीहरू आफ्ना कार्य, कथन र नीतिहरूद्वारा जनमतमा महत्वपूर्ण प्रभाव पार्न सक्षम छन् भन्ने पनि पुष्टि भएको कुरा हो । तर पनि यतिबेला नेपाली जनमत या त स्थापित राजनीतिमा विश्वास गर्दैन या स्थापित राजनीतिले जनमत प्रभावित गर्न सकिरहेको छैन ।

कहिलेकाहीं हाम्रो राजनीतिक नेतृत्वले लोकतान्त्रिक समाजमा जनमतको महत्वलाई स्वीकार गर्दै जनताको चासो सुन्न र सम्बोधन गर्न सक्षमता प्रदर्शन गरेका छन् । तिनीहरू नागरिकहरूसँग संवादमा संलग्न हुनसक्छन्, सार्वजनिक फोरमहरू मत राख्न सक्छन्, र राष्ट्रलाई असर गर्ने मुख्य मुद्दाहरूमा प्रतिक्रिया जान्न खोज्छन् । यस्तो अवस्थामा राजनीतिक नेताहरूले जनताको आकांक्षा र आवश्यकताहरूसँग आफ्ना एजेन्डाहरू मिलाउन सक्छन्, जसले गर्दा उनीहरूको समर्थन र वैधता प्राप्त हुन्छ । राजनीतिमा यो हमेशा हुने गरेकै छ ।

तर, नेपाली राजनीतिक नेतृत्वले जनमतबाट विच्छेदन गरेको वा जनताको स्वार्थभन्दा आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेका उदाहरण पनि छन् । राजनीतिक नेताहरूले जनमतको व्यापक असन्तुष्टिलाई बेवास्ता गर्न सक्छन् । जनताका असहमतिलाई दबाउन सक्छन्, वा प्रचार र गलत जानकारी मार्फत सार्वजनिक धारणालाई हेरफेर गर्न सक्छन् भन्ने कुरा पनि यतिबेलाका राजनीतिक दलका बोली र व्यवहारहरूले पुष्टि हुँदै गएको छ ।

राजनीतिक नेता र जनमतबीचको यो विभाजनले राजनीतिक प्रणालीमा संकट ल्याउन र राजनीतिले जनविश्वास गुमाउन थालेको छ । यसबाट जनतामा निराशा र विचलित हुन सक्छन् । यसका अतिरिक्त, नेपाली समाजभित्र बन्दै गरेको अतिवादी दृष्टिकोण र चासोको विविधताले जनमतलाई प्रभावित गर्ने खतरा आइपर्न सक्दछ । यसले राजनीतिक नेतृत्वको कार्यलाई जटिल बनाउँछ । जातीय, सांस्कृतिक, सामाजिक र आर्थिक समूहको भिन्न स्वार्थका कारणले नेपालमा जनमत प्राय: खण्डित र विषम हुने गर्दछ । राजनीतिक नेताहरूले यी जटिलतालाई बेलैमा पहिचान गर्न सक्नुपर्दछ । समाजका सबै वर्ग, जाति, लिंग, क्षेत्र र समुदायको हितलाई प्रतिनिधित्व गर्ने समावेशिता र सामाजिक एकतालाई बढावा दिन प्रयास गर्नुपर्छ ।

नेपाली राजनीतिक नेतृत्व र जनमतबीचको सम्बन्ध बेला-बेलामा खण्डित भए पनि गतिशील र बहुआयामिक छ । राजनीतिक नेताहरूसँग जनमतलाई प्रभावित पार्ने र आफ्ना एजेन्डाहरूप्रति समर्थन जुटाउने क्षमता हुँदाहुँदै बेलाबखतमा राजनीतिमा संकट देखापर्दछ । जनताले विश्वासमाथि संकट दर्शाइदिन बेर लाग्दैन ।

तसर्थ राजनीति उनीहरूले सेवा गर्ने मानिसहरूका विविध आवश्यकता र आकांक्षाप्रति उत्तरदायी रहनुपर्छ । पारदर्शिता र जवाफदेहीलाई बढावा दिएर नेपाली राजनीतिक नेतृत्वले जनमतसँग आफ्नो सम्बन्ध सुदृढ गर्न र लोकतान्त्रिक शासनको सिद्धान्तलाई प्रवर्धन गर्न प्रयत्न गर्नैपर्छ । यसो हुन नसक्दाका परिणामहरू अकल्पनीय हुनसक्छन् ।

*(साभार: अनलाइनखबर)*

# देशको बजेट र राजस्वको ऋणात्मक अवस्था

✍ डिल्लीराम मिश्र "कलमजीवी"

चिनियाँ विद्वान् प्राध्यापक डा. हुंले एक ठाउँमा लेखेका छन्- नेपाल सुनको कचौरा लिएर भिख मागिरहेछ । विविधताले सम्पन्न नेपालप्रति यस प्रकारको सुन्दर, तर धरातलीय उद्गारले नेपालको आजका कुरुप शासकहरुको मन अलिकति पनि दुख्दैन । यस उद्गारको घनत्व र चेतनास्तर कति माथि छ, जुन आधार चिनियाँ प्रोफेसरले त्यसै भनेको किमार्थ हैन । यावत् दृष्टिकोणबाट आज देश जलिरहेको छ, तर सत्ताका निरोहरु बाँसुरी बजाउँदै मोजमस्ती गरिरहेकै छन् । त्यसैले व्यवस्था फेरिए पनि पात्रहरुको नियति, चरित्र र अवस्था उस्तै भएकोले वित्तीय अराजकताको भुङ्गोमा नेपाली गरिब जनता र देशको अर्थतन्त्र चलायमान छ, जुन कति समयसम्म टिकाउ बन्न सक्छ ।

समय, समाज परिवर्तन एवम् विकास प्रगतिको लागि सबै क्षेत्रमा क्रान्तिहरु अपरिहार्य मानिन्छन् । विश्वभरका मानिसहरुले एउटा स्वतन्त्र नागरिक बन्नको लागि आजसम्मको इतिहासमा मूलत चारवटा महान् क्रान्तिबाट प्रेरणा, उत्साह, जागरण र नैतिक बल प्राप्त गरेको देखिन्छ । विश्वमा सत्रौं-अठारौं शताब्दीमा भएको फ्रान्सको औद्योगिक राज्य क्रान्ति, बेलायतको गौरवमय क्रान्ति एवम् संयुक्त राज्य अमेरिका निर्माण हुनको लागि अमेरिकाको स्वतन्त्रता सङ्ग्रामसँगसँगै सोभियत भूमिमा भएको अक्टोबर क्रान्तिलाई लिन सकिन्छ । तत्कालीन यी क्रान्तिहरुले देश, राज्य, सरकार र नागरिकहरुको परम्परागत परिभाषा र सम्बन्धलाई आमरुपमै परिवर्तन गरिदिए, फेरिदिए । यी क्रान्तिहरुले परम्परागतरुपमा सम्राटहरुको हातमा रहेको निहित अधिकारलाई खारेज गरिदिए । विश्वभरका आम मानिसहरु दासबाट मालिक वा नागरिक बनेका उदाहरणहरुको सकारात्मक सन्देश यी क्रान्तिहरुबाट प्राप्त छ, जसको प्रयोग आज समस्त विश्वजगत्ले गरिरहेको छ ।

यी क्रान्तिहरुले विश्वमा नै नवीन चेतनाको विकास गरे, जसको जगमा मानिसको भौतिक र बौद्धिक विकास उत्कर्षमा पुगेको छ । ती क्रान्ति पश्चात् नै मानव सभ्यताले कोल्टे फेर्‍यो भने त्यही सीमाविन्दुबाट स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको नयाँ युग प्रारम्भ भएको हो । तर नेपालमा संवत् १९९७, २००७ र २०४६ हुँदै २०६२-०६३ को जनआन्दोलनद्वारा स्थापित लोकतन्त्रले त्यसका अन्तिम सीमाहरु भत्काइदिए पनि व्यवहारमा नेपालीहरु भुइँमै छन्, धूलोमै छन् र किनारामै छन् । किनकि राज्य, राजनीति, सरकार र नेतृत्ववर्गले आमनेपालीलाई नागरिकको दर्जा नै दिएको छैन । आफ्नो स्वतन्त्र अस्तित्वको बोध नहुने दासत्वसँगै जनताको शिरमाथि आफूलाई विराजमान गराउन पुष्पकमल दाहाल, केपी शर्मा ओली, शेरबहादुर देउवा र माधवकुमार नेपालहरु सधैं उदत्त रहेका छन् । हैन भने विश्वमै जस्तो नेपालमा रैतीबाट नागरिक बन्न उनीहरुले बगाएको रगत, श्रम र पसिनाको मूल्यको सम्मान हुनुपर्थो । जनताको बलिदानमा सत्ता कब्जा गरेर सधैं तर मार्ने शासकहरुले नेपाली जनता कहाँ र कस्तो अवस्थामा रहेका छन्, कहिल्यै सम्झिए ?

पहिले नै भनेजस्तै देशको वित्तीय अर्थतन्त्र अराजकताको भुङ्गोमा परेको छ । देशको बजेट र राजस्व सङ्कलनबीचको दूरी यति टाढिँदै गएको छ, जुन अत्यन्त नजिक हुनुपर्ने अवस्था हो । अहिलेको कमजोर वित्तीय अवस्थालाई हेर्दा यो नजिकिने परिवेश असम्भवजस्तै देखिन्छ । त्यसैले बजेट र राजस्व एक-अर्काका परिपूरक हुन् । राजस्वको बलियो जगमा नै देशको बजेट निर्माणको प्रक्रिया अघि बढ्छ । देशको आर्थिक गतिविधिमा कुठाराघात, कमजोर पूँजीगत खर्च, राजस्व चुहावट, वैदेशिक व्यापारमा आएको कमी, व्यापक मात्रामा भएका भ्रष्टाचार, बन्द उद्योगधन्दा लगायतका कारणसँगै सरकारले लक्ष्यानुसार राजस्व सङ्कलन गर्न सकेको छैन । सरकारको असफलताले राजस्वको लक्ष्य प्राप्त नहुँदा राजस्वले पूरा गर्न नसकेको खर्च आन्तरिक तथा बाह्य ऋणबाट व्यवस्थापन हुँदै आएको छ । चालू आर्थिक वर्ष २०८०-०८१ को नौ महिना अर्थात् चैत्र मसान्तसम्म सरकारले लक्ष्यभन्दा ३ खर्च १८ अर्ब रुपियाँ कम राजस्व सङ्कलन गरेको छ । ६ महिनामा सङ्कलन हुनुपर्ने राजस्व ९ महिना लागेको छ । चालू आवको त्यस अवधिमा सर कारले २ खर्ब ३२ अर्ब रुपियाँ ऋण लिएको छ भने सरकारी ढुकुटी एक खर्ब ३६.३५ अर्ब घाटामा छ । यो नौ महिनामा पूँजीगत खर्च ३२.२४ प्रतिशत मात्र भएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०८०-०८१ को कुल बजेटको स्रोतमध्ये चालू आवका लागि विनियोजन गरेको बजेटमा १४ खर्ब २२.५४ अर्ब रुपियाँ राजस्व सङ्कलन क्षेत्रबाट परिपूर्ति गर्ने लक्ष्य लिएको थियो, तर लक्ष्य एकातिर छ, सरकारको गतिमति भ्रष्टाचारतिर अभिप्रेरित छ, अनि कसरी राजस्वको लक्ष्य पूरा होस् । यस आवको नौ महिनामा ७ खर्ब ४८ अर्ब रुपियाँ मात्र राजस्व सङ्कलन भएको छ भने अबको तीन महिना वैशाख-असारसम्म ६ खर्ब ७४.५४ अर्ब राजस्व उठ्न के सम्भव छ ? मुलुकको राजनीतिक एवम् वित्तीय अस्थिरताको संवेदनशीलताले समाजको तल्लो स्तरसम्मलाई यति धेरै आक्रान्त बनाएको छ, जसबाट यसको नकारात्मक असरको अनुमान नै गर्न सकिन्न । सधैंको राजनीतिक सत्ता झगडा र अस्थिरताले यसको मूल्य, मान्यता, संस्कार र अनुशासन अभावको नतिजा दिन्छ भने आर्थिक अस्थिरता वित्तीय अनुशासनहीनताको परकाष्ठा परिणाम हो । आज देश यी दुवै अस्थिरताको कारण आक्रान्त बनिरहेको छ ।

छिमेकी मुलुक भारतले प्रतिवर्ष विश्वका १४० राष्ट्रमा आफ्नो देशको उत्पादन चामल निर्यात गर्दछ । यो उसले आफ्ना देशका किसानहरुलाई दिएको सफल अनुदानको प्रेरणा र उपज हो । तर यहाँ नेपाल सरकारले किसानप्रति हेर्ने दृष्टिकोण र व्यवहार यसको ठीक विपरीत छ । देशमा जबसम्म उत्पादन बढाउन सकिँदैन तबसम्म देश सधैं परनिर्भर भएर रहन्छ । कुनै भिजन र दृष्टिकोण नभएका भारतमुखी शासकहरुकै कारण आज नेपालको अर्थजगत् पूरै भारत निर्भर भएको छ, जुन देश र जनताको लागि अशुभ सङ्केत हो । नेपालका गणतन्त्रवादी शासकहरु सधैं यस्तै चाहन्छन् । किनभने नाङ्गा नेताले चलाएको नाङ्गो लोकतन्त्र महाशिवरात्रिमा पशुपतिमा देखिने नागा बाबाको चरित्रजस्तै भएको छ । सैंघीय संविधानअनुसार आव २०८१-०८२ को वार्षिक बजेट जेठ १५ गते संसद्मा प्रस्तुत गर्नुपर्ने प्रावधान छ । आगामी आवको बजेट पनि घाटा बजेटको रुपमा प्रस्तुत हुनेछ । नेपाली समाजको यथार्थ धरातलभन्दा बाहिर गएर निर्माण भएको बजेटले अवास्तविक बजेटको नतिजा दिन्छ, जुन चालू आवको बजेटले स्वीकार गरेको छ । बजेट निर्माणको क्रममा जुन उद्देश्य बजेटले बजेट रकमान्तर गर्ने र कार्यक्रम संशोधन गर्ने नीति अवलम्बन गरेको हुन्छ, त्यो बजेट सफल कार्यान्वयनमा आउन सक्दैन । यसकारण सत्ता, शक्ति र पहुँचका आडमा अनावश्यक कार्यक्रमा बजेट विनियोजन गर्ने र आवश्यक कार्यक्रममा कम बजेट छुट्याउने प्रवृत्तिले हरेक आवको अन्त्यमा बजेट रकमान्तर र कार्यक्रम संशोधन गर्नु मुलकुको लागि घातक अवस्था हो ।

कुनै पनि दृष्टिकोण गरिमा, महत्व, आवश्यकता एवम् चिन्तनबाट समेत प्रदेश र प्रदेश सरकारको औचित्य जनस्तरमै समाप्त भएको छ । प्रदेश सरकारको सुखद अनुभूति तद्सम्बन्धी प्रदेशका जनताले गर्न वा पाउन सकेका छैनन् । प्रदेश सरकारले प्रदेशको हित र आमजनताको पक्षमा कुनै पनि सकारात्मक कार्य अहिलेसम्म गर्न सकेको देखिँदैन । एउटा मात्र प्रदेश सरकार हैन, सबै प्रदेश सरकारहरुको नियत र चरित्र उस्तै छ । सबै प्रदेश सरकार र त्यहाँका ५५० जनप्रतिनिधिहरुको उद्देश्य देखिन्छ त केवल सत्ताको भागवण्डा गरी उपलब्ध राष्ट्रिय सम्पत्तिको निर्मम तरिकाबाट दोहन गर्नु नै रहेको छ । आज आमजनताको अभिमत प्रदेशहरु खारेज हुनुपर्छ भन्ने नै छ ।

विनाकारण विनाउद्देश्य मन्त्रालय विभाजन गर्ने र भीमकायरुपमा मन्त्री र मन्त्रालयको संख्या बढाउने काम प्रदेशमा भएको छ, जसबाट प्रदेशका जनतालाई कुनै प्रकारको लाभ पुग्न सकेको छैन । सर्वोच्च अदालतको आदेश विपरीत गण्डकी प्रदेशमा मन्त्रालय फुटाइएको छ भने कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको हालत पनि उस्तै छ। सैंघीय सरकारमा जस्तै सत्ता गठबन्धन दलबीच भागवण्डा मिलाउन लुम्बिनी प्रदेशमा मुख्यमन्त्रीको कार्यालयसहित १२ वटा मन्त्रालय बनाइएको छ, जसको औचित्य पुष्टि हुँदैन । प्रादेशिक एवम् सैंघीय संविधान, विपरीत आफ्नो सत्ता टिकाउन राजनीतिक स्वार्थको कारण मुख्यमन्त्रीको लहड र सन्कीको भरमा धमाधम मन्त्रालयको संख्या बढाउँदै जाँदा पनि संघीय सरकारका सत्ताधारी र प्रतिपक्षमा रहेका मठाधीशहरुले समेत यसो गर्नुहुँदैन भनेर एक शब्द संसद्मा बोल्दैनन्, यसबारे आवाज उठाउँदैनन् । यससम्बन्धमा प्रधानमन्त्रीको हस्तक्षेपकारी भूमिका रहन्छ, तर उनी बोल्दैनन् । यसो गर्दा आफ्ना कार्यकर्ता र दासहरुको भाग खोसिन सक्छ । राजनीतिक बेइमानी र सत्ता स्वार्थको कारण केन्द्रमा हरेकपटक सत्ता राजनीतिको समीकरण फेरिएलगतै त्यसको असर विद्युतीय गतिमा प्रदेश सरकारको अस्तित्वमा पर्ने गरेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# गृहमन्त्रीको सहकारी विवाद जहाँको त्यहीँ, संसदमा गतिरोधको संकेत

काठमाडौं/शुक्रबारदेखि सुरु हुने प्रतिनिधिसभाको बजेट अधिवेशन सहज नहुने देखिएको छ । अधिवेशनको पूर्वसन्ध्यामा सभामुख देवराज घिमिरेले मंगलबार प्रमुख दलका शीर्ष नेताहरुसँग छलफल गरेका थिए । तर अघिल्लो अधिवेशनमै प्रतिनिधि सभामा उठेर निरुपण हुन नसकेको सहकारी अनियमिततामा गृहमन्त्रीको संलग्नताबारे छानबिनका लागि संसदीय समिति गठनको विषय भने जहाँको त्यहीँ रह्यो ।

सत्तारुढ दलहरु सहकारीको समग्र समस्याबारे छानबिनका लागि समिति गठन गर्न सकारात्मक देखिएका छन् । तर प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले गृहमन्त्री लामिछानेमाथि छानबिनका लागि संसदीय समिति गठन आफ्नो बटमलाइन भएको बताएको छ ।

संसदीय समिति गठन गर्ने सहमति नभए अधिवेशनको पहिलो दिन नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति समेत रहेका लामिछानेलाई रोष्ट्रममा जान नदिने उसको अडान छ । २१ फागुन २०७९ मा लामिछाने गृहमन्त्री भएपछि कांग्रेसले जीबी राई समूहले चलाएको सहकारीहरुमा भएको अनियमिततामा लामिछानेको संलग्नताको मुद्दा चर्कोसँग उठाइरहेको छ ।

सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा झण्डै तीन घण्टा चलेको बैठक गृहमन्त्री लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने कांग्रेसको मागमा केन्द्रित भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ६ चैतमा संसदमा गृहमन्त्री लामिछानेको संलग्नता नदेखिएको प्रहरी ब्रिफिङ रहेको जवाफ दिएपछि कांग्रेसले संसदीय समिति गठनको माग गऱ्यो । लगातार यो माग राख्दा पनि सरकारले नसुनेको भन्दै कांग्रेसले अघिल्लो संसद अधिवेशनका दुई बैठक (२७ र २८ चैत) अवरुद्ध गरेको थियो ।

त्यसपछि सरकारले हिउँदे अधिवेशन नै अन्त्य गऱ्यो । नीति तथा कार्यक्रम र बजेट ल्याउन सरकारको सिफारिसमा राष्ट्रपतिले अर्को अधिवेशन २८ वैशाखका लागि आह्वान गरेका छन् । वर्षे अधिवेशन अवरोधविना सञ्चालन गर्न दलहरुबीच सहमति नजुटेपछि सभामुख घिमिरेले मंगलबार प्रमुख दलका शीर्ष नेताहरुको बैठक बोलाए । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, रास्वपाका सभापति रवि लामिछाने र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई बोलाएका थिए ।

लिङ्देनले पार्टीका उपाध्यक्ष ध्रुवबहादुर प्रधानलाई पठाएका थिए । अरु नेताहरु आफ्ना संसदीय दलका प्रमुख सचेतकसहित उपस्थित भए भने कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी पनि बैठकमा सहभागी थिए ।



सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा झण्डै तीन घण्टा चलेको बैठक गृहमन्त्री लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने कांग्रेसको मागमा केन्द्रित भएको थियो । बैठकको सुरुमा सभामुख घिमिरेले विगतको अभ्यास अनुसार अधिवेशनको पहिलो दिन शीर्ष नेताहरुले सम्बोधन गर्ने विषय राखे । संसदले संसदीय क्यालेन्डरमा गरेको तयारीबारे अवगत गराए । साथै संसदलाई सौहार्द बनाउन सबै दल सहयोगी बन्ने आफ्नो विश्वास रहेको बताए । त्यसपछि मुख्य सचेतक, प्रमुख सचेतक र सचेतकहरु बोले ।

### समग्र छानबिनका लागि समिति बनाउन सकिन्छ

सकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डेले शीर्ष नेताहरुले पहिलो बैठक्लाई सम्बोधन गर्दा राम्रो सन्देश जाने र यो अभ्यास विगतमा समेत रहेको स्मरण गरे । साथै सहकारीको विषयमा प्रश्न उठिरहेको उल्लेख गर्दै उनले समग्र समस्याको सम्बन्धमा संसदीय छानबिन समिति बनाउन सकिने बताए ।

पाण्डेले बैठकमा भनेका छन्, 'हाम्रो कानुनमा समेत समस्या रहेका कुरा आएका छन् । व्यक्ति केन्द्रित गर्ने विषयले कालान्तरमा कसैको हित गर्दैन । आरोप लाग्नेबित्तिकै दोषी देख्ने वा दोषी करार गर्ने प्रवृत्ति निरुत्साहित गरेरै जानुपर्छ चाहे जो सुकैका हकमा होस् ।' एमाले प्रमुख सचेतक महेश बर्तौलाले पनि गृहमन्त्रीलाई लक्षित गरेर समिति गठन गर्न नसकिने बताए । 'समग्र सहकारी पीडितहरुले न्याय पाउनुपर्छ भन्ने सन्दर्भमा संसदीय समिति बनाउन, संसदमा भइरहेकै समितिबाट काम गर्ने कुरा अस्वीकार्य हुँदैन', उनले भने, 'तर गृहमन्त्रीलक्षित मात्रै गरेर जे कुरा भइरहेको त्यो सम्भव छैन ।'

### रविको माग : संसदमा बोल्न पाऊँ

बैठकमा रास्वपा सभापति एवं गृहमन्त्री लामिछानेले आफूमाथि उठेका प्रश्नको जवाफ संसदमा दिन पाउनुपर्ने माग गरे । आफूले संसदमा बोल्न खोज्दा नपाएको उल्लेख गर्दै उनले भने, 'म एउटा सांसद पनि हुँ, सांसदले आफूमाथि लागेका आरोपबारे बोल्ने थलो संसदको रोष्ट्रम नै हो ।'

मन्त्री वा सांसदविरुद्ध आरोप लगाउनेबित्तिकै संसदीय छानबिन समिति बनाउने अभ्यास उचित नरहेको पनि उनले बताए । आफूविरुद्ध कसैले आरोप लगाएको तर, त्यसको कुनै पनि आधार र प्रमाण नभएको विभिन्न तथ्यहरुले पुष्टि गरेको लामिछानेले दाबी गरे ।

महान्यायधिवक्ताले समेत आफूलाई कुनै प्रकारको मुद्दामा नरहेको, कसैले आरोपित नगरेको र कुनै पनि विचाराधीन मुद्दामा कसैले पनि दोषी भनेर नाम लिएको नपाइएको पत्र दिएको उनले बताए । महान्यायधिवक्ताको कार्यालयले दिएको पत्र देखाउँदै उनले भने, 'ममाथि छानबिन समिति बनाउने हो भने एउटा स्पष्ट आधार त हुनुपऱ्यो नि !'

गृहमन्त्री लामिछानेले आफूमाथि प्रश्न उठाउने कांग्रेसलाई सांसद टेकबहादुर गुरुङको मुद्दा स्मरण गराए । 'अदालतले भ्रष्टाचार प्रमाणित गरिसकेको मानिस सदनमा आउने अनि कहीँ कतै आरोप प्रमाणित नभएको र कहीँ कतै उजुरी दर्ता नै नभएको मानिसको नाममा समिति बनाउनुपर्ने यही हो नजिर ? संसदीय मर्यादा यही हो ?' कांग्रेसलाई लामिछानेको प्रश्न छ ।

गत आम चुनावमा मनाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य गुरुङ भ्रष्टाचार मुद्दा विचाराधीन रहेकाले निलम्बनमा रहनुपर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्राचारका आधारमा ८ पुस ०७९ देखि निलम्बनमा परेका थिए ।

त्यो मुद्दामा विशेष अदालतले उनलाई दोषी ठहर गर्दै १ करोड २१ लाख रुपैयाँ जरिवानाको फैसला सुनायो भने सर्वोच्च अदालतले १६ चैत ०८० मा गुरुङलाई निलम्बन गर्ने अख्तियारको निर्णय र त्यसका आधारमा संघीय संसदले निकालेको सूचना त्रुटिपूर्ण रहेको ठहर गर्दै बदर गऱ्यो । त्यसपछि संसद सचिवालयले सूचना निकालेर गुरुङको निलम्बन फुकुवा गरेको थियो ।

### ओलीलाई देउवाको जवाफ

लामिछानेले संसदमा बोल्न पाउनुपर्ने दलिल गरेपछि शीर्ष नेताहरु पनि उनलाई बोल्न दिने वा नदिने विषयमा केन्द्रित भए । एमाले अध्यक्ष ओलीले गृहमन्त्री लामिछानेलाई संसदमा बोल्न दिनुपर्ने प्रस्ताव राखे ।

बैठक कक्षमा ओली र शेरबहादुर देउवा आमुन्नेसामुन्ने थिए । कांग्रेस सभापति देउवातर्फ हेर्दै एमाले अध्यक्ष ओलीले भनेका छन्, 'माननीय गृहमन्त्रीलाई बोल्न दिउँ न त ।' सामुन्नेमा रहेका कांग्रेस सभापति देउवाले जवाफ फर्काइहाले, 'छानबिन समितिमा पनि बोल्न पाइन्छ ।'

नेताहरुका अनुसार सभापति देउवाको जवाफ पाएपछि ओलीले थप सवालजवाफ चाहेनन् । तर संसदीय छानबिन समिति बनाउनुपर्ने कांग्रेसको मागलाई अस्वीकार गरेका छन् । कुनै पनि मन्त्रीमाथि प्रश्न उठे सम्बन्धित विषय हेर्ने संसदीय विषयगत समितिले बोलाएर सोध्न सक्ने उनले बताए । गृहमन्त्री लामिछाने संसदीय समितिमा निरन्तरजसो उपस्थित भएको समेत आफ्नो जानकारी रहेको ओलीले बताए ।

संसदमै गृहमन्त्रीको जवाफ सुन्न आफू इच्छुक रहेको ओलीको भनाइ छ । कसैलाई जवाफ नसुन्ने अधिकार भएजस्तै आफूलाई जवाफ सुन्ने अधिकार रहेको उल्लेख गर्दै ओलीले संसद सहमतिमा चलाउनुपर्ने र सहमतिका लागि आफूहरु तयार रहेको बताए ।

### कांग्रेसको अडान यथावत

बैठकमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले आरोपित उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेलाई छाडेर संसदीय छानबिन समिति बनाउने विषयमा सहमत हुन नसक्ने बताएका छन् । बैठकपछि लेखकले संचारकर्मीसँग भने, 'सभामुखले बोलाएको छलफलमा हामीले प्रष्टसँग कुरा राख्यौं– सहकारीको रकम अपचलनको आरोपमा संसदीय छानबिन समिति गठन नभएसम्म माननीय गृहमन्त्री रवि लामिछाने प्रतिनिधि सभाको रोष्ट्रममा उक्लनुहुन्न ।'

समग्रतामा अध्ययन गर्ने भन्ने प्रस्ताव निश्चित व्यक्ति (लामिछाने)माथि छानबिन नगर्ने नियतका साथ आएको उनले बताए । अनुसन्धान गर्नुपर्ने निकायले अनुसन्धान नगर्ने, अभियोजन गर्नुपर्नेले नगर्ने, अनि महान्यायाधिवक्ताले केही मुद्दा मामिला छैन भन्ने चिठ्ठी दिनु ढाकछोप गर्न राज्यका निकायहरु प्रयोग भएको प्रष्ट हुने उनले बताए ।

कांग्रेस प्रमुख सचेतक लेखकले भने, 'कुनै व्यक्ति संविधान र कानुन भन्दा माथि हुन्छ र ? हुँदैन भने गृहमन्त्रीमाथि पनि छानबिन हुन्छ । निर्दोष भए छानबिनले त्यही निष्कर्ष निकाल्छ । यसकारण यसमा सहमत नहुनुपर्ने कारण छैन ।' राप्रपा उपाध्यक्ष ुवबहादुर प्रधानले पनि बहालवाला मन्त्रीमाथि प्रश्न उठ्नु गम्भीर विषय रहेको बताएका छन् ।

निर्दोष व्यक्तिमाथि प्रश्न उठेपछि त्यसबाट पार पाउन कुनै न कुनै प्रकारले छानबिन भएर प्रमाणित हुनुपर्ने उनको राय छ । 'हामी सदन चलोस् भन्नेमा छौं, र चनात्मक सहयोग गर्ने भन्नेमै छौं', प्रधानले भने, 'प्रतिपक्षले एउटा कुरा गरिसकेपछि त्यसलाई निकास दिनुपर्छ । सहकारीका सम्बन्धमा संसदीय समिति बनाउनु उपयुक्त हुन्छ ।'

प्रधानले राप्रपाकै सांसद गीता बस्नेतलाई समेत सहकारीको रकम अपचलनको आरोप लागेको स्मरण गरे । 'हामी हाम्रो पार्टीका सांसदमाथि सहकारीका विषयमा लागेको आरोपमा छानबिन होस् भनिरहेका छौं', राप्रपा उपाध्यक्ष प्रधान थप्छन्, 'छानबिनले जे देखाउँछ, त्यो भोग्न तयार हुनैपर्छ । निर्दोष भए प्रमाणले देखाउँछ, आत्तिनुपर्ने केही छैन ।'

छलफलमा कुनै सहमति नभएपनि यसले सदनलाई अवरोध गर्दैन भन्ने आफ्नो विश्वास रहेको सभामुख घिमिरेले बताए । बैठकपछि घिमिरेले सञ्चारकर्मीहरुलाई छोटो प्रतिक्रिया दिए, 'आजको छलफलले २८ गतेबाट सुचारु हुने अधिवेशन रोकटोक बिना अगाडि लैजान महत्वपूर्ण आधार प्रदान गरेको छ ।'

*(स्रोतः अनलाइनखबर)*

# 'पूजार सार्की' ट्रेलर : प्रेममा जब जात तगारो बन्छ

काठमाडौं/'प्रकाश'बाट राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको निर्देशनमा तयार भएको फिल्म 'पूजार सार्की'को ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक करिब साढे ४ मिनेट लामो ट्रेलरले कथावस्तुबारे महत्वपूर्ण जानकारी गराउँछ । अन्तरजातीय प्रेमले निम्त्याएको घटना र परिघटनालाई देखाउन खोजिएको छ ।



पूजारको भूमिकामा रहेका आर्यन सिग्देलको कथित तल्लो जातकी अञ्जना बराइलीसँग माया बस्छ । कथित तल्लो जातका मैतबहादुर अर्थात् प्रदीप खड्का भने गुरुङ युवती परीक्षा लिम्बूको प्रेममा छन् । जातका कारण उनीहरुको सम्बन्धमा आउने आरोह-अवरोहलाई ट्रेलरले देखाउँछ । अभिनेता पल शाह भने जात व्यवस्थाविरुद्ध विद्रोह गर्नुपर्छ भन्ने पक्षमा देखिन्छन् ।

ट्रेलरमा पूरापूर प्रदीप हावी छन् । उनीबिनाको लगभग एउटा पनि सिन छैन । फिल्ममा दर्शकलाई 'इन्गेजिङ' गर्ने पात्र नै उनको देखिन्छ । चञ्चले स्वभावमा प्रस्तुत भएका उनको बोलाईदेखि हिँडाईसम्म पृथक छ । चरित्र निर्माणमा उनले गरेको मिहिनेत देखिएको छ । अभिनयमा परिपक्वता पनि देखिन्छ । फिल्ममा उनी दमाई चरित्रमा छन् ।

आगामी जेठ १० गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको पनि अभिनय छ । विकास सुवेदीको लेखन रहेको फिल्मलाई संगीतकार समेत रहेका सुवास भुसालले निर्माण गरेका हुन् ।

राजेश श्रेष्ठको डिओपी रहेको फिल्मलाई भरत रेग्मीले सम्पादन तथा सुप्रिम पराजुलीले कलर ग्रेडिङ तथा हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् । फिल्मले २०४६ सालको परिवेशमा रहेर जातीय विभेदविरुद्धको कथालाई उठाएको छ । आर्यन, प्रदीप र पल पहिलोपटक एकसाथ काम गरेकाले 'पूजार सार्की'ले बक्स अफिसमा सुखद व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

# चुनाव जिते कंगनाले बलिउड छाड्ने !

काठमाडौं/अक्सर आफ्नो अभिव्यक्तिका कारण चर्चा र विवादमा आउने गरेकी अभिनेत्री कंगना राणावतले अब राजनीतिमा आफ्नो कदम राखेकी छन् । भारतीय जनता पार्टी (बीजेपी)बाट उनी लोकसभा चुनावमा उम्मेदवार बनेकी छन् । उनलाई हिमाचल प्रदेशको मण्डी जिल्लाका लागि टिकट मिलेको छ । यतिबेला उनी जोडतोडले प्रचारमा हिँडिरहेकी छन् । चुनाव जित्नेमा उनी विश्वस्त देखिन्छिन् ।



कंगनाले लोकसभा चुनावमा जित हासिल गरेको खण्डमा बलिउड छाड्ने संकेत गरेकी छन् । उनले एक अन्तर्वार्तामा भनेकी छन्, 'म एउटा मात्र काम गर्न चाहन्छु । मण्डीमा मैले जितेँ भने राजनीति मात्र गर्छु ।' उनले आफू व्यक्तिगत महत्वाकांक्षा र निजी स्वार्थ पूरा गर्न राजनीतिमा नआएको पनि स्पष्ट पारेकी छन् ।

मानिसले आफूप्रति गरेको अपेक्षालाई न्याय गर्नुपर्छ भन्नेमा कंगना सजग छिन् । 'धेरै फिल्मकर्मीले मलाई राजनीतिमा नजान सुझाव दिएका थिए । मलाई थाहा छ कि जनताको अपेक्षामा खरो उत्रनुपर्छ,' उनी भन्छिन्, 'मैले विशेषाधिकार प्राप्त जीवन विताएँ, यदि मलाई मानिसहरुसँग जोडिने मौका मिल्यो भने म यसलाई अपनाउँछु । मलाई लाग्छ कि सबैभन्दा पहिले जनताले मबाट गरेको अपेक्षालाई न्याय गर्नुपर्छ ।'

उनले राजनीतिलाई वास्तविकता र फिल्मलाई झुटो दुनियाँको समेत संज्ञा दिएकी छन् । 'फिल्म भनेको झुटो दुनियाँ हो । त्यहाँ अलग वातावरण बनाइन्छ । मानिसहहरुलाई आकर्षित गर्न एउटा बबल सिर्जना गरिन्छ । तर, राजनीति वास्तविकता हो । मानिसको अपेक्षामाथि खरो उत्रनुपर्छ । जनताको सेवामा म नयाँ हुँ, धेरै कुरा सिक्न बाँकी छ,' उनले भनेकी छन् । कंगनाको नयाँ फिल्म 'इमर जेन्सी' प्रदर्शनको पखाईमा छ । यसमा उनी पूर्व प्रधानमन्त्री इन्दिरा गान्धीको भूमिकामा छिन् ।

# मनीषा भन्छिन्, 'मैले करिअरमै सबैभन्दा बढी रिटेक 'हिरामन्डी'मा दिएँ'

काठमाडौं/कुनै बेला बलिउड फिल्ममा अभिनेत्री मनीषा कोइरालाको राम्रो दबदबा थियो । सन् १९९१ मा आएको फिल्म 'सौदागर'बाट अभिनय करिअर सुरु गरेकी उनले त्यसपछि दर्जनौं फिल्ममा काम गरिन् । उनले अघिल्लो पुस्ताका स्वर्गीय अभिनेता ऋषि कपूर देखि अहिलेका सुपरस्टार रणवीर कपूरसम्म काम गरेकी छन् । तर, जीवनको एउटामा विन्दूमा आएको उतार-चढावले उनको करिअरमा पनि प्रत्यक्ष असर पाऱ्यो ।

कुनै बेला उनकै काँधमा फिल्म हुन्थ्यो । अहिले सहायक भूमिकामा बढी देखिने गरेकी छन् । यसको पछाडि उमेर र समय पनि एउटा कारण हुनसक्छ । यद्यपि, यतिबेला नेटफ्लिक्स सिरिज 'हिरामन्डी : द डायमन्ड बजार'ले उनलाई चर्चामा ल्याएको छ । यसमा उनी सहायक भूमिकामा छैनन्, लगभग सिरिज नै उनको काँधमा छ । 'मल्लिका जान'को भूमिकामा उनले बुलन्द अभिनय गरेकी छन् ।

'हिरामन्डी'लाई बलिउडका नामी निर्देशक सञ्जय लीला भंसालीले निर्देशन गरेका हुन् । मनीषालाई लिएर यसअघि भंसालीले 'खामोशी : द म्युजिकल' (१९९६) बनाएका थिए । २८ वर्षपछि उनीहरुको सहकार्य जुरेको हो । यो सिरिजबाट प्रस्ताव आउँदा मनीषा नेपालमै थिइन् । उनले भंसालीप्रतिको विश्वासमा स्क्रिप्ट नै नपढि काम गर्न मञ्जरी जनाएकी रहेछिन् । पछि उनले जुमबाट सिरिजको कथावस्तु र आफ्नो चरित्रबारे जानकारी लिइन् ।

'हिरामन्डी'को प्रचारको क्रममा उनले एक भारतीय च्यानलसँग भनेकी छन्, 'म बलिउडसँग 'डिस्कनेक्ट' अवस्थामा थिएँ । 'गार्डेनिङ' मेरो रुचि हो । नेपालमा म त्यसैमा रमाइरहेकी थिएँ । त्यही बेला भंसालीको अफिसबाट फोन आयो । सञ्जयले राम्रो रोल छ, स्क्रिप्ट पढ् भनेपछि म एकदमै खुसी भएँ । सञ्जयसँग अब फेरि काम गर्न पाइन्छ भनेर मैले त सपना देख्न पनि छाडिसकेकी थिएँ । यद्यपि, हामी राम्रो साथी हौं । मलाई फेरि ऊसँग काम गर्न मन थियो । ऊ आफैंले कामको प्रस्ताव राख्दा मेरो खुसीको सीमा थिएन । मैले स्क्रिप्ट पनि नपढि काम गर्न मञ्जुरी जनाएँ ।'

मुम्बई फर्किएपछि मनीषाको 'लुक टेस्ट' भयो । त्यसबेला मात्र उनलाई आफ्नो चरित्र कस्तो हुन्छ भन्ने छर्लङ्ग भएको रहेछ । उनी 'हिरामन्डी'मा आफूले करिअर मै सबैभन्दा बढी 'रिटेक' दिएको स्मरण गर्छिन् । 'मैले करिअरमै सबैभन्दा बढी 'रिटेक' यही सिरिजमा दिएँ । एउटा सिनमा २२/२५ 'रिटेक' भएको थियो । त्यसबेला मैले के सोचेकी थिएँ भने जेसुकै होस् म टसमस हुँदिनँ । जबसम्म सञ्जय मेरो सिनबाट खुसी हुँदैन तबसम्म म सिन दिन्छु । किनकि, अब म जे पनि गर्न चाहन्छु, त्यसमा आफ्नो २ सय प्रतिशत दिन्छु ।'

जीवनको यो उमेरमा राम्रो रोल कमै मिल्ने मनीषाको अनुभव छ । यसैले 'हिरामन्डी'मा पाएको रोलप्रति उनी आफूलाई भाग्यमानी महसुस गर्छिन् । 'म अहिले ५३ वर्षको भएँ । यो उमेरमा राम्रो रोल एकदमै कम मिल्छ । जब 'हिरामन्डी'को रोल मिल्यो तब मैले आफूलाई एकदमै भाग्यमानी महसुस गरेँ । मलाई यति सशक्त भूमिका दिएकोमा सञ्जयप्रति कृतज्ञ छु । सञ्जयले मलाई यही कामले हामीलाई मानिसहरुले वर्षौंपछि पनि याद गर्नेछन् भनेर ढाडस दिँदा मेरो शरीरमा काँडा उम्रिएको थियो,' उनले सम्झिइन् ।

'हिरामन्डी'पछि मनीषाले सोच्नै छाडेकी छन् । अब के हुन्छ र कहिले हुन्छ उनलाई नै थाहा छ । यतिबेला उनी 'हिरामन्डी'मा आफ्नो काम र मिहिनेत रुचाइएकोमै खुसी छिन् । 'धेरै दर्शकहरुले म्यासेज गरेर तारिफ गर्नुभएको छ । म कृतज्ञ छु ।'

# कोशीमा नयाँ बजेटको तयारी, मन्त्रालयहरुमा पठाइयो बजेट सिलिङ

विराटनगर/आगामी आर्थिक वर्ष २०८१-८२ का लागि कोशीको आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रालयहरुमा २८ अर्ब ५० करोड रुपैयाँको सिलिङ पठाएको छ ।

मन्त्रालयका सचिव श्यामप्रसाद भण्डारीले समानीकरण अनुदान, राजश्व बाँडफाँड र प्रदेशको आन्तरिक आयको स्रोतका आधारमा बजेट सिलिङ तयार गरी विषयगत मन्त्रालयहरुसँग योजना माग गरिएको जानकारी दिए ।

मन्त्रालयको प्राथमिकता, प्रदेश सरकारको आवधिक योजना र प्राथमिकता तथा संघीय सरकारको प्राथमिकताहरुलाई समावेश गरेर योजना पेश गर्न भनिएको मंगलबार कोशी प्रदेश सभाको अर्थ समितिले आयोजना गरेको पूर्व बजेट छलफलमा सचिव भण्डारीले जानकारी दिए ।

कोशी प्रदेश सरकारको आन्तरिक आम्दानी निरन्तर घट्दै गइरहेको उनले जानकारी गराएका थिए । चालु वर्षको चैतसम्म प्रदेश सरकारले २ अर्ब ६६ करोड रुपैयाँ राजश्व आम्दानी गरेको छ । आर्थिक वर्ष २०७८/७९ मा ४ अर्ब ९ करोड रुपैयाँ आम्दानी भएको थियो । चालु आर्थिक वर्षको बजेट ४१ प्रतिशत खर्च गरेको छ । धेरै आयोजनाहरु सम्झौता भएर सञ्चालनमा गइसकेको हुँदा आर्थिक वर्षको अन्तिमसम्ममा करिब ८० प्रतिशत बजेट खर्च हुने मन्त्रालयको अनुमान छ ।

कोशी प्रदेश सरकारका प्रमुख सचिव केदारनाथ शर्माले कुल पुँजीगत बजेटका ६० प्रतिशत हिस्सा बहुवर्षे योजनालाई छुट्याएर नयाँ योजना छनोट हुने बताए ।

छलफलमा भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोककुमार साहले मन्त्रालयको दायित्व भुक्तानी १२ अर्ब रहेको र आगामी वर्षका लागि थप योजना सञ्चालन गर्न करिव १६ अर्ब बजेट आवश्यक पर्ने बताए । आगामी वर्षका लागि भौतिक विकासले ६ अर्ब ९० करोड रुपैयाँको सिलिङ पाएको छ । सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले पुँजीगत बजेटको सिलिङ २५ करोड रुपैयाँको सीमाभित्र योजना बनाउनुपर्ने अवस्था रहेको बताए ।

*(स्रोतः अनलाइनखबर)*

# युएईसँग घरेलु मैदानमै खेल्न दशरथ रंगशालामा दौडधुप

काठमाडौं/दशरथ रंगशालाको खराब अवस्थाका कारण बहराइनसँग घरेलु मैदानमा खेल्न नपाएको नेपाल फेरि युएईसँगको खेल पनि गुमाउनुपर्ने स्थितिमा पुगेको छ । फिफा विश्वकप २०२६ तथा एसिया कप २०२७ को संयुक्त छनोट अन्तर्गत नेपालले २४ जेठमा युएईसँग घरेलु मैदानमा खेल खेल्ने तालिका छ ।

तर गत शुक्रबार एसियाली फुटबल महासंघ (एएफसी) का प्राविधिकले मैदानको हालको अवस्थालाई लिएर प्रश्न उठाएपछि सरोकारवाला निकाय मैदानको अवस्था सुधार्न युद्धस्तरमा काम गर्ने निष्कर्षमा पुगेका छन् ।

मंगलबार युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ र अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष पंकजबिक्रम नेम्वाङले दशरथ रंगशालाको निरीक्षण गरेका छन् ।

एएफसीका प्रतिनिधिले मैदानको पिच, फ्लडलाइट र सुरक्षामा प्रश्न उठाएपछि मन्त्री श्रेष्ठले यी विषयमा राखेपसँग पाँच दिनभित्र जवाफ मागेका छन् ।

२०७२ को भूकम्पपछि भत्किएको दशरथ रंगशाला ५ वर्षअघि १३ औं दक्षिण एसियाली खेलकुदअघि चयार भएको थियो । चीन सरकारको सहयोगमा बनेको रंगशालामा फ्लड लाइटका केही बल्बहरु जलेका छन्, जुन नेपालमा पाइदैन । चीन सरकारका प्राविधिकले राखेपका प्राविधिकलाई बाल्न र निभाउन मात्रै सिकाएर गएको हुँदा यसको मर्मतको विषय सबैभन्दा गहन विषय बनेको छ ।

राखेपका इलेक्ट्रिसियन हरिभक्त महर्जन भन्छन्, 'हामीसँग यो कसरी मर्मत गर्ने यसको केही जानकारी छैन । १३ औं सागको बेला हामीलाई यो बाल्न र निभाउन मात्रै उहाँहरुले सिकाउनुभयो ।'

मैदानको पिच भने एक हप्ताभित्र सबै स्थानमा दुबो हुने गरी तयार पार्न सकिने राखेपको भनाइ छ । त्यस्तै मैदानको अवस्था हेरेर सुरक्षाको सुनिश्चितता पनि गर्न सकिने राखेप सदस्य सचिव घिसिङले बताए । गत महिना विश्वकप र एसिया कप छनोटमा बहराइनसँगको घरेलु मैदानमा खेल्नुपर्ने खेल मैदानको अवस्था खराब भएका कारण बहराइनमा नै खेल्नुपरेको थियो ।

त्यसपछि राखेपले दशरथ रंगशालाको सबै जिम्मा आफैं लिएर मर्मत सम्भार सुरु गरेको थियो । तर अहिले युएईसँगको खेल पनि नेपालको घरेलु मैदानमा नहुने खतरा बढेको छ ।

### १० दिनभित्र तयार पार्न दौडधुप

युवा तथा खेलकुदमन्त्री श्रेष्ठले १० दिनभित्र रंगशाला तयार नभए जिम्मेवार निकायलाई कारबाही गर्ने बताए । 'पटक पटक यस्तो भइराख्ने त हुनुभएन नि । विधिको शासन हो । दण्डहीनताको त अन्त्य हुनुपऱ्यो नि त । नियमित खर्चमा बजेट गइरहेको छ । जनताको करले यत्रो निकाय बनाउने अनि खेल पनि नहुने भएपछि किन पालेर राख्ने त', मन्त्री श्रेष्ठले भने ।

*(स्रोतः अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चुच्चे नक्सामाथि भारतको प्रतिक्रिया कुटनीतिक मर्यादा विपरीत: बर्तौला

साझाकुरा संवाददाता



हेटौंडा, २५ वैशाख/ मकवानपुरका सांसद तथा सत्तारुढ दल नेकपा (एमाले) का प्रमुखसचेतक महेश बर्तौलाले नेपाल सरकारले एक सय रुपैयाँको नोटमा लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको नक्शा राख्ने निर्णय गरेकोमा भारतले आपत्ति जनाउनु आवश्यक नभएको बताएका छन् ।

प्रमुखसचेतक बर्तौलाले नेपाली भूमि भएको नक्शा नेपाली नोटमा राख्ने कुरामा भारत सरकारले आपत्ति जनाउन आवश्यक नभएको टिप्पणी गरे । उनले नेपालको संविधान बमोजिमको भूमिलाई कहाँ र कसरी प्रयोग गर्ने भन्नेकुरा नेपालको निजी मामिला भएको भन्दै छिमेकीले आपत्ति जनाउन नमिल्ने बताए । उनले लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि भएको विषयमा भारतले प्रश्न गर्नु नै जायज नभएको बताए ।

नेपाल सरकारले संविधान बमोजिम गरेको कुरामा आदेश वा निर्देशन दिने अधिकार कसैलाई नभएको बताए । प्रमुख सचेतक बर्तौलाले दुई देशबीच भएको सीमा समस्या समाधान गर्न सौहार्दपूर्ण ढंगले छलफल गर्ने पनि बताए । दुई देशबीचको सुमधुर र प्रगाढ सम्बन्धलाई यस प्रकरणले कुनै असर नपार्ने उनको भनाइ छ ।

'लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्र नेपालको हो । नेपालको राजनीतिक नक्शामा समावेश गरिसकेका छौं । नेपालको संसदले एकमन, एकताका साथ पारित गर्‍यो । नेपालको संविधानको अंग बनिसकेको छ । हाम्रो भू-भाग, नेपाल सरकारले नोट प्रकाशन गर्दै गर्दा त्यसमा समावेश गर्छु भन्ने कुरालाई भारत सरकारले यसमा कुनै अब्जेक्शन गर्नुपर्ने कुरा रहेन । यो नेपालको आन्तरिक मामिला हो ।,' बर्तौलाले भने ।

सरकारले एक सय रुपैयाँको नोटमा नयाँ नक्शा समेटेर जारी गर्ने निर्णय गरेसँगै यतिबेला देशभित्र र बाहिर चर्चाको विषय बनेको छ । छिमेकी देश भारतले सीमा समस्या विवादका बीचमा वार्ता जारी रहेकाले नेपाल सरकारले एकपक्षीय निर्णय गरेको भन्दै एकपक्षीय निर्णय लिनुको कुनै तुक नरहेको टिप्पणीसमेत गरेको छ । यसबारेमा विज्ञहरुले पनि आ-आफ्ना धारणा सार्वजनिक गरिरहेका छन् ।

गत वैशाख २० गते बसेको मन्त्रीपरिषद्को बैठकले जारी गर्न लागिएका एक सय रुपैयाँका नयाँ नोटमा नेपालको नयाँ नक्शा समावेश गर्ने निर्णय गरेको थियो । नेपालले २०७७ जेठ ७ गते नयाँ नक्शा सार्वजनिक गरेको थियो । तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री पद्मा अर्यालले एक विशेष कार्यक्रमकाबीच कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपालको नयाँ राजनीतिक नक्शा औपचारिक रुपमा सार्वजनिक गर्नुभएको थियो । नक्शालाई नेपालको संघीय संसद्ले अनुमोदन गरिसकेको छ ।

नेपालले सुगौली सन्धि अनुसार काली नदीपूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटेर नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्शा लागू गरेको थियो । भारतीय कब्जामा रहेका ती भूभाग यसअघि प्रचलनमा रहेको नेपालको नक्शामा समावेश थिएनन् । नेपालको नयाँ नक्शामा लिम्पियाधुरा माथिबाट बग्ने काली नदीपूर्वका गुन्जी, नाभी, कुटीयाङ्दीलगायतका भूभाग समेटिएको छ ।

# डिसहोमको हेटौंडामा रोडशो जेठ १ मा

साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/ डिसहोमले हेटौंडा सहित विभिन्न १५ सहरमा टी-२० र यूरो २०२४ प्रतियोगितालक्षित रोड शो आयोजना गर्ने भएको छ ।

२५ वैशाख साँझ धरान बसपार्कबाट सुरु भएको रेडियो अन व्हिल २६ वैशाखमा इटहरी, २७ वैशाखमा दमक, २८ वैशाखमा विर्तामोड, २९ वैशाखमा विराटनगर, ३० वैशाखमा जनकपुर, ३१ वैशाखमा वीरगञ्ज, १ जेठमा हेटौंडा, २ जेठमा नारायगढ, ४ जेठमा बुटवल, ६ जेठमा धनगढी, ८ जेठमा सुर्खेत, ९ जेठमा नेपालगञ्ज, ११ जेठमा पोखरा र १४ जेठमा काठमाडौंमा आयोजना गरी समापन हुनेछ ।

रेडियो अन-व्हील्स रोड शो कार्यक्रमसँगको सहकार्यमा डिसहोमले पनि आफ्नो सेवासुविधा प्रचारप्रसार गर्ने बताइएको छ । कार्यक्रममा गायक शिव परियार, महेश काफ्ले, विश्व नेपाली, टीका प्रसाई, सुमन कार्कीलगायत कलाकारको प्रस्तुति रहने डिसहोमले जनाएको छ । रोडशोमा महिमा पण्डित भट्टराई, सञ्जोग बस्याल, दुर्गाराज पाण्डे, स्मिता राणा, प्रज्ज्वल खड्का र महेश लिम्बुले प्रस्तोताको भूमिका निर्वाह गर्नेछन् ।

कार्यक्रममा सहभागीले विभिन्न खेलमा सहभागी भई पुरस्कार समेत जित्न सक्ने बताइएको छ । कार्यक्रमले देशैभर हजारौं जनालाई पूर्ण मनोरञ्जन गराउने विश्वास आयोजकले लिएको छ ।

# इन्द्रसरोवरको वित्तीय प्रगति २३ प्रतिशत मात्रै



साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/ मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकाको ८ महिनाको वित्तीय प्रगति २३ दशमलव ११ प्रतिशत मात्रै रहेको छ ।

गाउँपालिकाले सार्वजनिक गरेको आम्दानी खर्चको विवरण अनुसार चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित ४९ करोड २८ लाख २ हजारमा चैत्र मसान्तसम्म ११ करोड ३९ लाख २५ हजार ८ सय ७२ रुपैयाँ अर्थात २३ दशमलव ११ प्रतिशत मात्र खर्च भएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ अनुसार सार्वजनिक निकायले ३/३ महिनामा सार्वजनिक गर्ने स्वत: प्रकाशन मार्फत् पालिकाले यस्तो जानकारी दिएको हो ।

पूर्वाधारतर्फ चालु आर्थिक वर्षका लागि विनियोजित १५ करोड ६० लाख ३० हजारमा ४ करोड ३४ लाख ४४ हजार ४ सय ११ अर्थात २७.८४ प्रतिशत खर्च भएको छ । यस विषयक्षेत्र अन्तर्गत पर्ने उपक्षेत्र यातायात पूर्वाधारमा ३२ दशमलव ४७ प्रतिशत वित्तीय प्रगति भएको छ । भवन, आवास तथा सहरी विकासमा २३ दशमलव ५८, ऊर्जामा ९८ दशमलव ३८, सञ्चार तथा सूचनाप्रविधिमा ९ दशमलव ३१ र सम्पदा पूर्वाधारमा २९ दशमलव ३ वित्तीय प्रगति भएको गाउँपालिकाले जनाएको छ ।

पालिकाको क्षेत्रगत वित्तीय प्रगति अन्तर्गत आर्थिक विकासतर्फ ४ करोड ३० लाख बजेट विनियोजन भएकोमा ७९ लाख २ हजार ८ सय ४९ रुपैयाँ अर्थात १८ दशमलव ३८ प्रतिशत बजेट खर्च भएको जनाएको छ ।

आर्थिक विकास अन्तर्गत पर्ने कृषिमा १९ दशमलव ७६, उद्योगमा ३ दशमलव ६१, जलस्रोत तथा सिंचाइमा २८ दशमलव ८, पशुपंक्षी विकासमा १८ दशमलव ६३ प्रतिशत वित्तीय प्रगति भएको छ । उपक्षेत्रअन्तर्गत पर्यटन, सहकारी, वित्तीय क्षेत्र र वन उपक्षेत्रमा विनियोजित बजेटको खर्च प्रगति शुन्य छ ।

१८ करोड २२ लाख बिनियोजना भएको सामाजिक विकासमा ३ करोड ९५ लाख ९३ हजार २ सय ५३ अर्थात २१ दशमलव ७२ प्रतिशत मात्रै वित्तीय प्रगति भएको छ । शिक्षामा २२ दशमलव ७ प्रतिशत, स्वास्थ्यमा १७ दशमलव ४८, खानेपानी तथा सरसफाइमा २७ दशमलव ३४, भाषा संस्कृतिमा ४५ दशमलव ३६, लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा १३ दशमलव १३, सामाजिक सुरक्षा तथा संरक्षणमा २४ दशमलव ४९ प्रतिशत खर्च भएको छ । युवा तथा खेलकुदमा क्षेत्रमा विनियोजित बजेटको खर्च शुन्य प्रतिशत छ ।

चैत्र मसान्तसम्म ८४ वटा योजना सम्झौता गरेकोमा ८२ वटा योजना सम्पन्न भएको गाउँपालिकाले जानकारी दिएको छ । पालिकाले हालसम्म १४ वटा ऐन निर्माण गरिसकेको छ भने ३३ वटा कार्यविधि, ४ वटा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ इन्द्रसरोवर गाउँपालिकाले ५ वटा निर्देशिका, एउटा नीति, २ वटा मापदण्ड र एउटा रणनीति समेत निर्माण गरी पालिकाले कार्यान्वयनमा ल्याएको छ ।

# नेकपा (एकीकृत समाजवादी) मकवानपुरमा जिम्मेवारी बाँटफाँड



साझाकुरा संवाददाता

हेटौंडा, २५ वैशाख/ नेकपा (एकीकृत समाजवादी) मकवानपुरको नवौं जिल्ला अधिवेशन पछि मंगलबार बसेको बैठकले विभिन्न पालिकाका लागि इन्चार्ज तथा सहइन्चार्ज तोकेको छ ।

बैठकले हेटौंडा उपमहानगरको इन्चार्जमा पार्टी सचिव धुव भुजेललाई जिम्मेवारी प्रदान गरेको छ । सचिव भुजेलले पार्टी संगठन विभागको समेत जिम्मेवारी पाएका छन् । सहइन्चार्जमा उपसचिव कविन पन्त, सदस्यहरुमा राजु अधिकारी, ज्ञानेन्द्र देवकोटा, देवराज गौतम र शुक्रदेवी बल रहेका छन् । थाहा नगर पालिकाको इन्चार्जमा सानुकाजी गोपाली, सहइन्चार्जमा वीरबहादुर तामाङ र सर्मिला जिम्बा रहेका छन् ।

मनहरी गाउँपालिकाको इन्चार्जमा उपसचिव किशोर बर्तौला, सहइन्चार्जमा शिवकुमार काशी र देवीमाया तामाङ छन् । इन्द्रसरोबर गाउँपालिकाको इन्चार्जमा कुन्छान लामा रहेका छन् भने राक्सिराङ गाउँपालिका इन्चार्जमा ज्ञानेन्द्र तामाङ र सहइन्चार्जमा कृष्णबहादुर तामाङ् रहेका छन् । कैलाश गाउँपालिकाको इन्चार्जमा उपसचिव टंक मोक्तान र सहइन्चार्जमा कालु ढकाल रहेका छन् ।

मकवानपुरगढी गाउँपालिका इन्चार्जमा दुर्गा दाहाल र सहइन्चार्जमा शिवराज देवकोटा रहेका छन् । बैठकले तिलक अधिकारीलाई कार्यालय सचिवको जिम्मेवारी प्रदान गरेको छ भने राकुमार एलनलाई सूचना तथा सञ्चार विभाग प्रमुखको भूमिका दिएको छ । यस्तै, मनोजकुमार वाइवालाई जनजाति महासंघ, अरुण बर्तौलालाई विद्यार्थी, शान्तिप्रिय बन्दनालाई राष्ट्रिय जनसांस्कृतिक महासंघ, दीपक बस्नेतलाई एकीकृत ट्रेड युनियन इन्चार्ज र अलि हुसेनलाई मुस्लिम इत्तेहाद संगठनको इन्चार्जको जिम्मेवारी दिएको छ ।

# मनहरी-मलेखु सडकको ट्र्याक पूरा, वर्षायामको चिन्ता यथावत

साझाकुरा संवाददाता



हेटौंडा, २५ वैशाख/ मनहरी-मलेखु सडकको ट्र्याक निर्माणको काम पूरा भएको छ । यो सडकलाई हेटौंडाबाट चितवन हुँदै राजधानी काठमाडौं जाने सडकको विकल्पको रुपमा हेरिएको छ ।

राक्सिराङ गाउँपालिकाको दुङ्गु-गार्खा-रतुवा खण्ड छिचोलिएसँगै यो सडकको सबै ट्र्याक निर्माण पूरा भएको राक्सिराङका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । खोलाको अस्थायी बाटो हुँदै केही वर्षअघिदेखि नै मनहरी-मलेखु सडकमा साना सवारीहरु आवतजावत गर्न थाले तापनि अब भने खोलाको बाटोबिनै मलेखु निस्कन सकिने अवस्था रहेको अध्यक्ष मल्लले बताए ।

ट्र्याक निर्माण पूरा भएसँगै अध्यक्ष मल्लसहितको टोलीले मनहरी-बोटबारी-रतुवा-चौकीटार-खैराङ हुँदै धादिङको सीमानासम्म मुल सडकबाटै आवतजावत सुरुवात गरेको छ । गाउँपालिका अध्यक्ष, कर्मचारीसहितको टोलीलाई रतुवामा स्थानीयले फूलमाला लगाएर स्वागत गरेका थिए । 'मनहरीबाट मलेखु जोड्ने छोटो मार्गको ट्र्याक निर्माणको काम पूरा भएको छ, अब वर्षायाममा पनि मनहरीबाट मलेखु निस्कन सक्ने अवस्था बनेको छ,' मल्लले भने ।

दुङ्गु खोला र घोर्कोटेमा पुल बनाउनुपर्ने उनको भनाई छ । पक्की पुल निर्माणका लागि प्रदेश र संघीय सरकारसँग बजेट माग गरिएको उनले बताए । गार्खा-रतुवा खण्डको ट्र्याक पूरा गर्नको लागि तीन वर्षअघि नै ठेक्का लगाइएको भए पनि कडा चट्टानका कारण निर्माण कम्पनीले काम गर्न सकेको थिएन । ठेकेदारमार्फत् काम नभएपछि चालु आर्थिक वर्षमा गाउँपालिकाले दुंगुबाट गार्खा र गार्खाबाट रतुवासम्म दुइ खण्ड बनाएर उपभोक्ता समितिमार्फत् काम गराएको थियो । दुई खण्डमा ८० लाख रुपैयाँ खर्चिएर यसवर्ष ट्र्याक निर्माण पूरा गरिएको हो ।

सडकको स्तरोन्नति र दुई ठाउँमा पक्की पुल निर्माण गर्नसके वर्षायाममा समेत मनहरी-मलेखु आवतजावत गर्न सकिने अवस्था बनेको गाउँपालिका अध्यक्ष मल्लले बताए । मनहरीदेखि मलेखुको दुरी ५२ किलोमिटर सडक सडक सञ्जालमा जोडिए पनि पक्की पुल नहुँदा वर्षायामको चिन्ता यथावतै रहेको छ । वर्षातमा खोलामा पानीको सतह बढ्ने हुनाले यातायात अवरुद्ध हुन सक्नेछ ।

मनहरी-मलेखु सडकले स्थायित्व पाएपछि राक्सिराङ र कैलाश गाउँपालिकाका नागरिकको जीवनस्तरमा परिवर्तन हुने अपेक्षा गरिएको छ । संघीय संरचनामा जानुपूर्व सडक निर्माण शून्य अवस्थामा रहेको विकट राक्सिराङ गाउँपालिकाले बितेको ६ वर्षयता टोलटोलसम्म सडक विस्तार गरि सकेको छ । मनहरी बजारबाट गाउँपालिका केन्द्र चैनपुरसम्म ६ किलोमिटर सडक कालोपत्रे भइरहेको छ ।

# भुक्तानी प्रणालीमा दोषी ठहर भएका सुनिल पौडेललाई ९ वर्ष कैद

काठमाडौं, २५ वैशाख/ विशेष अदालतले राष्ट्रिय भुक्तानी प्रणाली खरिद भ्रष्टाचारमा दोषी ठहर भएका सुनिल पौडेललाई ९ वर्ष कैद सजाय सुनाएको छ ।

अध्यक्ष टेकनारायण कुँवर र सदस्य मुरारीबाबु श्रेष्ठको इजलासले उनीबाट २३ करोड २७ लाख असुल्नुपर्ने ठहर गर्दै त्यति नै रकम जरिवाना असुल्नुपर्ने फैसला सुनाएको हो ।

७ वैशाख २०८१ मा विशेष अदालतले राष्ट्रिय भुक्तानी प्रणालीको अनियमिततामा राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी)का तत्कालीन कार्यकारी निर्देशक पौडेललाई दोषी ठहर गरेको हो । भ्रष्टाचार मुद्दा लागेका सचिव मधुकुमार मरासिनीसहित ६ जनाले सफाइ पाएका थिए ।

भ्रष्टाचार मुद्दा लाग्दा पौडेल नेपाल टेलिकमका प्रबन्ध निर्देशक थिए । केही साताअघि मात्रै गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा उनीमाथि मुद्दा दायर भएको थियो । विशेष अदालतले त्यतिबेला नै उनलाई थुनामा पठाउन आदेश दिएको थियो ।

विशेष अदालतको फैसलाबाट सचिव मरासिनीसहित राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशकहरू सञ्जय शर्मा, प्रणीता उपाध्याय र सुनिल पौडेल, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक तथा हाल उपनिर्देशक सफल श्रेष्ठले यसअघि नै सफाइ पाएका छन् ।

विषयगत दक्षता र कानुनी अधिकार नभएको राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी)लाई राष्ट्रिय भुक्तानी प्रणाली स्थापनाको जिम्मेवारी दिई रकम निकासा गरेको, तर ठेक्का सम्पन्न भएको पाँच वर्षसम्म पनि प्रणाली सञ्चालनमा नआएको भन्दै अख्तियारले दाबी गरेको थियो । *(अनलाइनखबर)*


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

**जनहितमा जारी सन्देश !**

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**



**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**